"रम्भा गाउँपालिकाको शान, सुखी रम्भाबासी समृद्ध रम्भा हाम्रो अभियान"

**रम्भा गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**पिपलडाँडा, पाल्पा**

आ.व.२०८१/०८२

# वार्षिक नीति तथा कार्यक्रम

**स्वीकृत मिति :२०८१/०३/१०**

# आर्थिक वर्ष ०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

प्रकृति र संस्कृतिले समृद्ध रम्भा गाउँपालिकाको गरीमामय गाउँ सभामा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी पाल्नुभएकोमा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दै अभिवादन टक्र्याउँदछु । मुलकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरी जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउने अभियानमा जीवन आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्न चाहन्छु । यस महत्वपूर्ण अवसरमा रम्भा गाउँपालिकाको आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम सम्मानित गाउँ अधिवेशन समक्ष प्रस्तुत गर्न पाउदा ज्यादै हर्षित छु ।

नेपालमा रहेका ७५३ वटा स्थानीय सरकार मध्ये रम्भा गाउँपालिका पाल्पा जिल्लाको तानसेन देखि करिव २४ कि.मि. पूर्वी भागमा अवस्थित छ|उत्तर तर्फ विश्वकै  एकमात्र पवित्र कालीगण्डकी नदी र दक्षिण तर्फ माडी फाँटको काखमा अवस्थित छ, जसको पूर्वमा रामपुर नगरपालिका र पूर्वखोला गाउँपालिका, उत्तरमा कालीगण्डकी नदी, दक्षिणमा माथागढी गाउँपालिका, पश्चिममा बगनासकाली गाउँपालिका  पर्दछन । यस गाउँपालिकाको नामाकरण यसै गाउँपालिका वडा नं.५ मा अवस्थित प्रसिद्ध शक्ति पिठ रम्भादेवीको नामबाट रहेको पाइन्छ ।रम्भा गाउँपालिका ८३° ४१′२०" पूर्वी देशान्तर र २७° ५१′५८" उत्तरी अक्षाशंमा ९४.१२ वर्ग कि.मि.मा फैलिएको छ भने उचाईका हिसावले पाल्पा जिल्लाका अग्ला लेकहरु मध्ये रिमिघा लेक यहीपर्दछ, जसको उचाई १७९४ मी. छ भने सबै भन्दा होचो भाग कालीगण्डकीको किनार हुँगी हो, जसको उचाई ७५० मी. छ । यो गाउँपालिकामा सबै भन्दा बढी मगरहरुको बसोबास छ ।यसका अलवा यस गाउँपालिकामा ब्राह्मण, क्षेत्री, नेवार, दमै, कामी, सार्की, गन्धर्व, गुरुङ, बोटे-माझी, मुस्लिम, आदिको मुख्य बसोबास रहेको छ ।

स्थानीय सरकार जनताको त्याग र बलिदानबाट प्राप्त उपलब्धि हो । स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनता प्रति उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त पालिका निर्माण तथा सभ्य र सु-संस्कृत समाज एवम आफ्नो कर्तव्य प्रति दृढ रहनु यस गाउँपालिकाका आदर्श हुनेछन् ।

संघ, प्रदेश र स्थानीय तहगरी तीनै तहका सरकारहरुको मुख्य उद्देश्य सम्पूर्ण नागरिकलाई आर्थिक दृष्टिकोणले आत्मनिर्भर र स्वावलम्वी बनाउने उद्देश्य राखेर अगाडी बढिरहेको सन्दर्भमा रम्भा गाउँपालिकाले **"रम्भा गाउँपालिकाको शान, सुखी रम्भाबासी समृद्ध रम्भा हाम्रो अभियान "** भन्ने नारालाई साकार बनाउने गरी आर्थिक वर्ष ०८१/०८२ को नीति तथा कार्यक्रम र वजेटलाई केन्द्रित गर्न लागिएको जानकारी गराउन चाहन्छु ।

राज्यको पूनर्संरचना सँगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तिन तहका सरकारको अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन् । संविधानले तोकेका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही संघीय सरकार र प्रदेश सरकारले दिएको निती नियमको परिधिभित्र रही विशेषत आयआर्जनका कार्यक्रमहरु, शिक्षा, स्वास्थ्य, कृषि,  पशुपालन, पर्यटन, व्यवसाय तथा भौतिक पूर्वाधार विकासका कार्यक्रमलाई विशेष जोड दिदै सम्मानित गाउँ अधिवेशन समक्ष आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्दछु ।

# <u>१. आर्थिक विकास</u>

## क) कृषि तथा पशु

१. कृषि तथा पशुपालन क्षेत्रमा उत्पादन वृद्धि गरि आर्थिक विकासको मेरुदण्डका रुपमा स्थापित गरिनेछ। कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणको आवश्यक व्यवस्था मिलाईनेछ। **एक समूह एक उत्पादन** तथा **घरघरमा करेसावारी कार्यक्रममा** विशेष जोड दिइनेछ ।

२. कृषि तथा पशु व्यवसायका लागि सहुलियत व्याजदरमा कर्जा प्रवाह कार्यक्रम, प्राविधिक सेवा, आधुनिक कृषि औजार वितरण, पशु विमा कार्यक्रम, खोप तथा उन्नत जातका विउ विजन वितरण, पोखरी निर्माण, माहुरी पालन जस्ता कार्यमा विशेष जोड दिइनेछ।

३. फलफूल खेतीको क्षेत्र विस्तार गरी आम्दानीको मुख्य स्रोत बनाउन लिची पकेट क्षेत्र, सुन्तला पकेट क्षेत्र विस्तार गरिनेछ। साथै अन्य फलफूलको पकेट क्षेत्र विस्तारका लागि संभाब्यता अध्ययन गरि काम अगाडी बढाईनेछ।

४. प्राङ्गारिक एवं जैविक मल उत्पादन, आधुनिक घाँसको उत्पादन तथा खेती विस्तार गरिनेछ ।

५. कृषि तथा पशु जन्य उत्पादनमा *उत्पादनमा आधारित अनुदानको* व्यवस्थालाई निरन्तरता दिइनेछ ।

६. रैथाने बालिहरुको प्रवर्द्धनमा जोड दिइनेछ ।

७. शित भण्डार केन्द्र व्यवस्थापन, थप निर्माण तथा कृषि एम्वुलेन्सहरुको सञ्चालनलाई व्यवस्थित बनाइने छ ।

८. खेती योग्य बाँझो जग्गालाई प्रयोगमा ल्याउनका लागि भूमि वैङ्क स्थापना गरि जग्गा लिजमा लिने दिने व्यवस्था मिलाईनेछ।

९. कृषकहरुलाई सम्मान, पुरस्कार तथा प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

१०. वन्यजन्तु नियन्त्रण तथा व्यवस्थापनमा पहल गरिनेछ ।

११. एक वडा एक नर्सरी स्थापना गरी उन्नत जातका फलफूल तथा तरकारीको विरुवा वितरणको व्यवस्था मिलाईनेछ ।

१२. कृषकहरुका लागि मागमा आधारित कृषि तथा पशु विकास तालिमको व्यवस्था मिलाईनेछ ।

## ख) सहकारीः

१. सहकारी संस्थाहरुलाई कृयाशिल बनाउदै उत्पादन तथा बजारीकरण कार्यमा सहकार्य र सहजीकरण गर्ने नीति लिइनेछ ।

२. वित्तिय साक्षरता कार्यक्रम समुदाय तथा विद्यालय स्तर सम्म सञ्चालन गर्न सहकारीहरुसँग साझेदारी गर्ने नीति लिईनेछ ।

३. सहकारी संस्थाहरुको क्षमता विकास र अन्तरआवद्धतालाई विशेष जोड दिईनेछ।

### ग) घरेलु तथा साना उद्योगः

१. घरेलु तथा साना उद्योगहरुको स्थापना तथा सञ्चालनमा प्राथमिकता दिईनेछ।

२. निर्माणाधिन औद्योगिक ग्राम सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।

३. उद्यम विकास कार्यक्रमलाई व्यवस्थित बनाउदै उद्यमीहरुको उचित व्यवस्थापन गरिनुका साथै घरेलु मदिरा तथा अन्य स्थानीय उत्पादनहरुको ब्राण्डिङ्ग तथा वजारीकरणको विशेष व्यवस्था मिलाइनेछ ।

### घ) पर्यटन

१. ऐतिहासिक, धार्मिक, पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण एवं एकीकृत विकास गरिनेछ।

२. रम्भादेवी- रिमिघा- कालीगण्डकी जोड्ने गरि एकीकृत पदमार्गको निर्माण गरिनेछ। ग्रामीण पर्यटन प्रवर्द्धनका लागि होमस्टे सञ्चालनलाई प्राथमिकता दिईनेछ।

३. कालीगण्डकी नदी संरक्षण र सरसफाइ साथै यसको महिमा प्रचार प्रसार गर्ने नीति लिइनेछ ।

४. कालीगण्डकी नदीको किनारमा धार्मिक पदयात्राका लागि पैदल मार्ग निर्माण गर्ने कार्य अगाडी बढाइनेछ। कालीगण्डकी नदीमा र्‍याफ्टिङ्ग संचालन तथा व्यवस्थापनमा जोड दिइनेछ । ।

५. बाल उद्यान, पार्क तथा व्यायाम शाला निर्माण तथा व्यवस्थापन गर्ने कार्य अगाडी बढाइनेछ ।

६. पर्यटन प्रवर्द्धन कार्य अगाडी बढाउन 3P मोडल अवलम्वन गरिनेछ ।

७. कालिगण्डकी कोरिडोर, सिद्वार्थ राजमार्ग र आर्यभञ्ज्याङ्ग- रामपुर सडकलाई सौन्दर्यीकरण गर्दै सडकको दायँवायाँ हरितवेल्ट निर्माण गरिनेछ ।

# २.सामाजिक विकास

### क) स्वास्थ्यः

१. सवै आधारभूत स्वास्थ्य सेवाहरुलाई गुणस्तरीय बनाउनुका साथै निशुल्क आधारभूत प्रयोगशाला सेवालाई निरन्तरता दिईनेछ। एम्बुलेन्स सेवालाई छिटो छरितो र प्रभावकारी बनाईनेछ।

२. आम नागरिकहरुलाई नसर्ने रोगबाट बचाइ राख्न स्वस्थ जीवन शैली सम्बन्धी सचेतना मुलक कार्यक्रम तथा योग शिक्षामा जोड दिइनेछ। साथै नागरिक आरोग्य केन्द्र तथा आयुर्वेद औषधालयलाई थप कृयाशिल बनाउदैं यसको सेवा विस्तार गरिनेछ।

३. पूर्ण खोप सुनिश्चितता, पूर्ण संस्थागत सुत्केरी सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. पोषण मैत्री गाउँपालिकामा जोड दिदै यस कार्यका लागि समुदायिक महिला स्वास्थ्य स्वयं सेविका तथा पोषण सहयोगी सहजकर्ताहरुलाई प्रभावकारी परिचालन गरिनेछ । र संस्थागत सुत्केरी आमाहरुलाई दिदैं आईएको पोषण खानाको रकमलाई निरन्तरता दिईनेछ ।

५. स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता एवं विस्तार गरिनेछ ।

६. सुरक्षित गर्भपतन सेवा, यौन प्रजनन स्वास्थ्य सेवा, लागुऔषध, मानसिक स्वास्थ्य, आत्महत्या रोकथाम जस्ता विषयहरुमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

७. एकिकृत घुम्ती शिविर सेवालाई निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ ।

८. स्थानीय जडीबुटीको अध्ययन, पहिचान तथा रोपण कार्य अगाडी बढाइनरेछ।

९. मुटु, मृगौला, क्यान्सर रोगीहरुलाई गाउँपालिकाबाट दिदै आएको यातायात खर्च वापतको रकमलाई निरन्तरता दिईनेछ। साथै कडा रोग लागेका व्यक्तिहरुलाई संघ सरकारबाट दिदैं आईएको मासिक यातायात खर्चलाई व्यवस्थित गरिनेछ।

१०. सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका तथा पोषण सहयोगी सहजकर्ताहरुको लागि विशेष व्यवस्था मिलाइनेछ। उमेर पुगेका तथा अन्य कारणबाट सेवाबाट बाहिरिनु भएका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको सम्मान जनक विदाइको व्यवस्था मिलाइनेछ।

११. स्वास्थ्यकर्मीहरुको कार्य सम्पादन मूल्याङ्कन गरिनुका साथै क्षमता विकास सम्बन्धी तालिमको व्यवस्था मिलाइनेछ ।

१२. RRT द्रुत प्रतिकार्य टोलिलाई थप कृयाशील बनाइ अगाडी बढाइनेछ ।

१३. धुम्रपान, मद्यपान तथा सूर्तिजन्य पदार्थहरुको विक्री वितरण तथा प्रयोगमा निरुत्साहित गर्दै लगिनेछ

१४. जेष्ठ नागरिकहरुका लागि न्यानो कपडा, च्यावन प्रास वितरण तथा घरमा नै गइ गरिने स्वास्थ्य परीक्षणको व्यवस्थालाई थप प्रभावकारी बनाईनेछ।

१५. Blood Bank स्थापनार्थ जिल्ला रेडक्रस सोसाईटीसँग समन्वय र सहकार्य गरिनेछ।

१६. संस्थागत सुत्केरीका लागि यातायात भाडाको व्यवस्था गरिनेछ। मातृ तथा नवजात शिशुहरुलाई मृत्युवाट बचाईराख्न आकस्मिक कोषको व्यवस्थापन गरिनेछ।

## ख) शिक्षा, संस्कृति, भाषा, कला तथा साहित्य

१. प्रत्येक शैक्षिक शत्रमा विद्यार्थी संख्याको आधारमा दरवन्दी व्यवस्थापन गर्ने नीति लिइनेछ ।

२. गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि शिक्षकहरुको पेशागत क्षमता विकासका लागि आवश्यक तालिम सञ्चालन गरिनेछ । र विषयगत समितीहरुलाई क्रियाशील बनाईनेछ।

३. नतिजा विश्लेषण तथा कार्य सम्पादनका आधारमा शिक्षकहरुलाई पुरस्कृत तथा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि परीक्षा प्रणाली सुधार, विद्यालय अनुगमन तथा निरीक्षण, नमुना विद्यालय अवलोकन, शैक्षिक सामाग्री प्रदर्शनी, शैक्षिक अन्तर्क्रिया, विभिन्न प्रकारका अतिरिक्त कृयाकलाप सञ्चालनमा जोड दिइनेछ। साथै साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य समेत गरिनेछ ।

५. प्राविधिक धार अन्तर्गत *पढ्दै जाउ कमाँउदै जाउको* नीति अगाडी बढाइनेछ ।

६. विद्यार्थी भित्र्याउने, टिकाउने, सिकाउने र विकाउने तथा संस्कार सहितको प्रविधि मैत्री शिक्षा नीति अगाडी बढाउदै लगिनेछ। यसका लागि दुर्घना विमा, दिवा खाजा, विद्यार्थीसँग करेसाबारी कार्यक्रम, छात्राहरुका लागि आत्मरक्षा सम्बन्धी तालिम जस्ता कार्यक्रमलाई निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ।

७. अभिभावकविहिन तथा आर्थिक रुपले अति विपन्न बालबालिकाहरुका लागि माध्यमिक तह सम्मको शिक्षा आर्जन गर्न अभिभावकत्व ग्रहण गर्ने नीति अगाडी सारिनेछ।

८. बालमैत्री विद्यालय तथा वालमैत्री गाउँपालिकाको दिगोपनाका लागि विशेष कार्यक्रम ल्याइनेछ ।

९. प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिलाई क्षमता विकास तालिम, प्र.अ. भत्ता तथा विद्यालय संचालन तथा व्यवस्थापनका लागि विशेष व्यवस्था मिलाइनेछ।

१०. विद्यालयमा स्काउट, जुनियर रेडक्रस, बाल क्लव तथा वालिका संजालहरुलाई क्रियाशील बनाइनेछ । वालकल्याण कोषलाई प्रभावकारी बनाईनेछ।

११. संचालित क्याम्पसलाई थप व्यवस्थित बनाउदै लगिनेछ ।

१२. लोक संस्कृति, भाषा, लिपीहरुको पहिचान, संरक्षण तथा सम्वर्द्धनमा जोड दिइनेछ ।

१३. स्थानीय पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक छपाइ तथा वितरणको विशेष व्यवस्था मिलाईनेछ।

१४. संस्कार पाठशाला स्थापना गरि सीप र अनुभवको पुस्तान्तरण कार्यलाई वढावा दिईनेछ। साथै अभिभावक शिक्षामा जोड दिईनेछ।

१५. विपन्न अभिभावकका बालबालिकाहरुलाई पठनपाठनमा टिकाइ राख्नका लागि अभिभावक आय आर्जन कार्यक्रम संचालनमा ल्याइनेछ ।

१६. विद्यालयका कक्षाहरुमा रचनात्मक, जीवनोपयोगी र व्यवसायिक सीपको समिश्रण मार्फत विद्यालयहरुलाई रचनात्मक पाठशालाका रुपमा विकास गरिनेछ।

१७. विद्यालय व्यवस्थापनका नवीनतम आयामहरुका बारेमा अन्तर विद्यालय अन्तक्रिया तथा देश विदेशका प्रभावकारी प्रयासहरुलाई अध्ययन, परीक्षण तथा आन्तरिकीकरण गर्ने नीति लिईनेछ।

१८. १० वर्षे शिक्षा नीति कार्यान्वयन गर्दै लगिनेछ ।

## ग) युवा तथा खेलकुद, नवप्रवर्तन र रोजगार

१. एक वडा एक खेलमैदान निर्माण, पालिकास्तरीय वृहद खेलमैदान निर्माण तथा खेल सामाग्री व्यवस्थापनमा जोड दिईनेछ।

२. नियमित रुपमा विद्यालय तथा क्लवस्तरीय खेलकूद कार्यक्रम सञ्चालन गरिनेछ। साथै उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरुलाई थप प्रशिक्षणको व्यवस्था गरि माथिल्लो स्तरको छनौट प्रतियोगितामा लैजाने व्यवस्था गरिनेछ।

३. प्रत्येक विद्यालयहरुमा खेलकुद शिक्षकको व्यवस्थापन गरिनेछ। साथै विद्यालय तथा वालक्लवहरु मार्फत उमेर समूहका खेलाडी उत्पादनमा विशेष जोड दिईनेछ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित एवं प्रभावकारी बनाउन साझेदारी कार्यक्रम संचालनमा ल्याइनेछ। साथै उक्त कार्यक्रममा विपन्न र गरिव परिचयपत्र प्राप्त व्यक्तीहरुलाई विशेष प्राथमिकता दिईनेछ।
५. युवाहरुलाई मागमा आधारित सीप विकास तालिम संचालन गरिनेछ। साथै स्वरोजगार र व्यवसायी उत्पादन गरि स्वावलम्वी बनाउने नीति लिइनेछ ।
६. वालवालिका तथा युवाहरुलाई लक्षित गरि संसदीय अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ।

### घ) महिला वालवालिका तथा सामाजिक समावेशीकरण

१. मागमा आधारित सीप मुलक तालिमको माध्यमबाट रोजगारी सृजना गरी उत्पादनमा जोड दिइनेछ ।
२. विभिन्न प्रकारका राष्ट्रिय दिवश, समारोह मनाउने कार्यलाई प्राथमिकता दिइनेछ ।
३. जेष्ठ नागरिक परिचय पत्र, अपाङ्ग परिचय पत्र, गरिव परिचयपत्र वितरण सेवालाई थप प्रभावकारी बनाइनेछ ।
४. वेरोजगारहरुको लगतलाई थप व्यवस्थित बनाउदै रोजगारी सृजना गर्ने कृयाकलापमा विशेष जोड दिइनेछ।
५. विकास तथा योजना प्रक्रियामा सामाजिक समावेशीकरणको अवधारणालाई आत्मसात गरिनेछ।
६. एकल पुरुष तथा ग र घ वर्गका अपाङ्गहरुलाई दिदै आईएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिइनेछ ।
७. परम्परागत पेशा सुद्धृढिकरण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
८. सेवा प्रवेश तयारी कक्षा संचालन गरिनेछ ।
९. वाल श्रम, वालविवाह तथा वालहिंसा लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।
१०. महिला सशक्तीकरण तथा लैङ्गिक समानताका लागि प्रत्यक्ष लाभ पुग्ने योजना तथा कार्यक्रमहरुमा प्राथमिकता दिईनेछ। योजनाका सबै चरणहरुमा महिला तथा सीमान्तकृत समुदायको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ। साथै लैङ्गिक दृष्टिले योजना तथा कार्यक्रमहरुको उपयुक्तता अध्ययन गरि कार्यान्वयन गर्ने नीति लिईनेछ।
११. सुशासन र जवाफदेहिता कायम गर्न र सेवा प्रवाहमा महिला तथा वञ्चितीकरणमा परेका समुदायको सहज पहूँच सुनिश्चित गर्नका लागि लैससास परिक्षण र लैङ्गिक उत्तरदायी बजेट परीक्षणलाई संस्थागत गरिनेछ।
१२. लक्षित वर्गहरुको मूलप्रवाहीकरण गर्न सचेतना तथा सशक्तीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१३. असहाय नागरिकहरुको उचित व्यवस्थापन गर्न विभिन्न सामुदायिक तथा गैरसरकारी संस्थाहरुसँग असहाय सहायता केन्द्र सञ्चालन र व्यवस्थापनमा सहाकार्य गर्ने नीति लिईनेछ।

१४. श्रमिकहरुको सुरक्षा, संरक्षण र विकासका लागि उपयुक्त नीति लिईनेछ। साथै गाउँपालिका बाहिर र जिल्ला बाहिरबाट आई श्रम गर्ने श्रमिकहरुको सुरक्षा र नियमनका लागि उचित व्यवस्था गरिनेछ।

# ३.पूर्वाधार विकास

## क) सिंचाई

१. परम्परागत र पुराना कुलाहरुको मर्मत तथा व्यवस्थापन गरिनेछ।

२. स्थलगत सिंचाई, भूमिगत सिंचाई, थोपा सिंचाई, लिफ्ट सिंचाई तथा अन्य वैकल्पिक सिचाँई आयोजनाहरुलाई प्राथमिकता दिइनेछ।

३. कालीगण्डकीबाट संभावना भएका क्षेत्रहरुमा लिफ्टीङ्ग सिचाँई आयोजना संचालनमा पहल गरिनेछ।

४. नदी कटान तथा भूक्षय नियन्त्रण गर्न विशेष कार्यक्रम ल्याइनेछ।

## ख) विद्युत

१. गुणस्तरी विद्युत सेवा प्रवाह गर्न आवश्यक स्टिल पोल, ट्रान्सफर्मर तथा तार व्यवस्थापनका लागि पहल गरिनेछ ।

२. टुकीरहित उज्यालो गाउँपालिका बनाइनेछ ।

## ग) भवन

१. घर नक्सा पास गर्ने कार्यको अनिवार्यतामा जोड दिइनेछ ।

२. अधुरा भवन पुरा गर्न उच्च प्राथमिकता दिइनेछ ।

३. भवन तथा घर निर्माण गर्दा बाल मैत्री, अपाङ्ग मैत्री तथा भूकम्प प्रतिरोधि बनाउन उत्प्रेरित गरिनेछ ।

४. विभिन्न सडक किनारा तथा अन्य क्षेत्रहरुमा भवन निर्माण सम्बन्धी मापदण्ड बनाई कार्यान्वयन गर्दै जाने नीति लिईनेछ।

५. घर विमा कार्यक्रम अगाडी बढाइनेछ ।

## घ) सडक

१. यस आ.व.लाई सडक स्तरोन्नती वर्षको रुपमा लिइनेछ। साथै अधुरा सडकहरुको संचालनलाई उच्च प्राथमिकता दिइनेछ ।

२. सडकहरु बाह्रै महिना सुचारु गर्नका लागि सडक मर्मत कोषको व्यवस्थालाई निरन्तरता दिदै प्रभावकारी ढंगले लागु गरिनेछ। सडकको नियमित मर्मतका लागि लेन्थमेनको व्यवस्थालाई विस्तार गरिनेछ।

३. गाउँपालिका भित्र यातायातको पहुँचलाई व्यवस्थित गरिनेछ। सुविधायुक्त सार्वजनिक र नगर यातायातको व्यवस्थापन गर्ने नीति लिईनेछ।

४. राष्ट्रिय राजमार्गहरुको सामान्य मर्मत दोहोरो नपर्ने गरी व्यवस्थापन गर्दै यस क्षेत्रलाई उत्पादनसँग जोड्ने नीति लिइनेछ।

५. वैज्ञानिक सडक गुरुयोजना निर्माण गरि सडकहरुको विस्तार र व्यवस्थापन गरिनेछ।

६. सडक बत्ती विस्तार तथा व्यवस्थापन गर्ने कार्य अगाडी बढाइनेछ ।

७. सार्वजनिक सडकमा सबै व्यक्ती र परिवारहरुको पहूँच सुनिश्चित हुने नीति लिईनेछ। साथै खेतीयोग्य जमिनमा मल, वीउ तथा उत्पादित वस्तुहरुको ओसारपसार गर्न कृषि सडकको पहूँच सुनिश्चित हुने नीति लिईनेछ।

### ङ) खानेपानी तथा सरसफाई

१. स्वच्छ पिउने पानी व्यवस्थापन गर्न बाँकी रहेका घरमा एक घर एक धारा जडान गर्ने कार्यलाई पूर्णता दिन आवश्यक पहल गरिनेछ। साथै धारा निर्माण गर्दा बालमैत्री बनाइनेछ ।

२. पूर्ण सरसफाइ उन्मुख गाउँपालिका बनाउनका लागि वैज्ञानिक फहोर मैला व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माण र प्रयोगमा विशेष ध्यान दिइनेछ । यसको दिगोपनाका लागि विशेष योजना बनाई कार्यान्वयनमा लगिनेछ।

३. खानेपानीको मुल संरक्षण, गुणस्तर परीक्षण तथा सरसफाइ गर्ने कार्यमा जोड दिइनेछ ।

४. लिफ्टिङ्ग खानेपानीको न्यूनतम महशुल भुक्तानीको व्यवस्था मिलाइनेछ ।

५. यस आ.व.मा वास प्लान अनुसार कार्यक्रम अगाडी बढाउनेछ ।

### च) विविध

१. चौपारी, प्रतिक्षालय, मन्दिर, पदमार्गहरुजस्ता सामुदायिक र ग्रामीण संरचनाहरुमा कंक्रिटको प्रयोगलाई निरुत्सान तथा स्थानीय कच्चा पदार्थको प्रयोगलाई जोड दिईनेछ। यस कार्यमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समेत एकीकृत गरिनेछ।

२ . पूर्वाधार, सडक तथा अन्य भौतिक संरचना निर्माण गर्दा उपयुक्त क्षेत्रगत मापदण्डहरु निर्माण गरि संरचनाहरु दिगो र वातावरणमैत्री बनाउने नीति लिईनेछ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन

१. हरियाली गाउँपालिका बनाउने नीति लिईनेछ। नर्सरी निर्माण तथा वृक्षारोपण कार्यमा जिल्ला वन कार्यालय र अन्य संस्थाहरुसँगको सहकार्यमा जोड दिइनेछ ।

२. सामुदायिक वनहरुलाई गाउँपालिकामा सुचीकृत गर्ने, नियमन गर्ने तथा वन व्यवस्थापन र उपयोग सम्बन्धी कानूनी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

३. दैवि प्रकोप रोकथाम तथा न्यूनिकरणका लागि विपद प्रतिकार्य योजनालाई प्रभावकारी ढंगले लागु गरिनेछ ।

४. आपतकालिन सेवा संचालन गर्न QRT गठन गर्ने,तालिम संचालन गर्ने तथा साधन स्रोतको उचित व्यवस्थापन गरिनेछ ।

५. वातावरण अनुकुलन योजनालाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

## ५. सुशासन तथा सेवा प्रवाह र विविध

१. पारदर्शिता जवाफदेहिता तथा गुणस्तरीय सेवाप्रवाहमा विशेष जोड दिईनेछ।

२. सबै नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्दै आवश्यक सूचना तथा जानकारीहरुमा सबै नागरिकको पहूँचको सुनिश्चितता गरिनेछ।

३. आधुनिक सूचना प्रविधि मैत्री कार्यलयहरुको निर्माण गरि डिजिटल गाउँपालिका बनाउने नीति लिईनेछ।

४. आर्थिक मितव्ययीता, आर्थिक नियन्त्रण तथा आर्थिक अनुशासनलाई विशेष ध्यान दिइनेछ ।

५. आन्तरिक आम्दानीलाई सुद्धृढ बनाउन करको दायरा फराकिलो पारिने छ। साथै राजश्व सुधार योजना कार्यान्वयन ल्याईनेछ ।

६. सूचनाको हकलाई प्रभावकारी बनाउन नियमित रुपमा प्रगति प्रतिवेदन सार्वजनिकीकरण सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई, पत्रकार सम्मेलन जस्ता कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिईनेछ।

७. सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

८. सार्वजनिक सम्पत्ति र सार्वजनिक जग्गाको संरक्षणको लागि गाउँपालिका भित्रका सार्वजनिक जग्गाको रेखाङ्कन र संरक्षण गर्ने कार्य द्रुत गतिमा अगाडि बढाईनेछ ।

९. जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासका लागि तालिम, अवलोकन भ्रमण, वृत्ति विकासका अवसर, कल्याणकारी कोषको व्यवस्था तथा पेशा र जिम्मेवारी प्रति थप प्रतिवद्ध बनाउन सम्मान पुरस्कारको व्यवस्था मिलाइनेछ।

१०. घर विहिन नागरिकहरुको आवासको व्यवस्थापनमा विशेष जोड दिईनेछ। साथै खरको छाना मुक्त गाउँपालिका बनाइनेछ ।

११. न्यायिक समिति तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ। न्याय प्राणालीलाई छिटो छरितो प्रभावकारी बनाइनेछ ।

१२. सामाजिक सुरक्षा कार्यक्रम तथा घटना दर्ता कार्यक्रमहरुलाई जनमैत्री र प्रभावकारी बनाइनेछ ।

१३. शान्ती सु-व्यवस्था कायम गर्न, सडक दुर्घटना र जोखिमपूर्ण यात्रा न्यूनीकरण र निरुत्साहन, लागुऔषध ओसार पसार नियन्त्रण, बाल विवाह नियन्त्रण तथा आत्महत्या रोकथाम जस्ता विषयमा सचेतना फैलाउन समुदाय प्रहरी साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

१४. पूर्वाधार निर्माण, विकास निर्माण, सेवा प्रवाह तथा जनशक्ती परिचालनका विविध क्षेत्रमा विभिन्न सामुदायिक संस्था, समूह, सहकारी, उपभोक्ता तथा गैरसरकारी संस्थाहरुसँग सहकार्य तथा लागत साझेदारी कार्यक्रममा विशेष जोड दिईनेछ।

१५. उपभोक्ता समिति, निर्माण व्यवसायीहरुको क्षमता अभिवृद्धि सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ र योजना संचालनमा आवश्यक सहजीकरण गरिनेछ ।

१६. टोल विकास संस्था, उद्यम विकास संस्था तथा अन्य सामुदायिक संस्थाहरुको गठन तथा योजना र विकास कार्यमा ती संस्थाहरुको परिचालन, सहभागिता र सहकार्यलाई जोड दिईनेछ।

१७. उत्कृष्ट काम गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी तथा उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा प्रोत्साहित गरिनेछ ।

१८. सहयोगी तथा साझेदार संस्थाहरुसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ।